# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ. व. २०८२/८३ को तेश्रो त्रैमासिक अवधिको प्रतिवेदन (२०८२ माघ, फाल्गुण र चैत्र)

## (मिति २०८३/०१ /१८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित)

### १. वित्तीय विवरण :

क. आर्थिक वर्ष २०८२/८३ को तेश्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात, नाफा–नोक्सान सम्बन्धि हिसाब विवरणलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २६(१) वमोजिमको प्रतिवेदन जानकारीका लागि प्रकाशन गरिएको छ ।

ख. प्रमूख वित्तीय अनुपातहरु:

| | |
|---|---|
| १. प्रति शेयर आम्दानी : | रु. ३०.७८ |
| २. पी. ई. अनुपात : | ३७.९५ |
| ३. प्रति शेयर नेटवर्थ : | रु. १३१.८० |
| ४. तरलता अनुपात : | ५.०९ |

प्रति शेयर आम्दानी annualized गरिएको ।

### २. व्यवस्थापकीय विश्लेषण तथा कार्ययोजनाहरु :

क. २०८२ फाल्गुण २१ गते सम्पन्न चुनावको परिणाम अनुसार देशमा एकल राजनीतिक पार्टीको सरकार गठन भएको छ । चुनावले दिएको परिणामले सरकारको स्थायित्व हुनेमा कम्पनी विश्वस्थ रहेका छौं । देशको आर्थिक अवस्था वृद्धिका लागि स्थापित उद्योगको संरक्षण, लगानी मैत्री वातावरण, उद्योग एवं वातावरण मैत्री कानून तर्जुमा, श्रम वजारको सृजना र उत्पादिन वस्तुको बजारीकरणमा सरकारको प्राथमिकता हुने अपेक्षा गरिएको छ ।

ख. Golden Oak, Black Oak, Silver Oak लगायत २५ यु.पि. शक्तिमा Shlok प्रिमियम ह्विस्की र मदिरा मिश्रित पेय पदार्थ ५ (पांच) प्रतिशत अल्कोहल शक्तिमा Passion Cooler (Cola) नामक मदिराहरु उत्पादन गरि बजारमा बिकी वितरण गरि रहेका छौं । कम्पनीबाट उत्पादन हुने व्राण्ड Port-folio लाई मध्य नजर गरी आगामी दिनहरुमा विभिन्न flavor अल्कोहल मिश्रीत पेय पदार्थ लगायत अन्य Segment मा समेत मदिरा उत्पादन गरी बिकी गर्ने लक्ष्यका साथ अगाडि बढि रहेका छौं । यसै गरी कम्पनीको By Product को रुपमा उत्पादन हुने Sluge लाई Dry गरी उत्पादन भएको DDGS लाई जनावर तथा पशुपंक्षीको दानाको लागी प्रयोग हुने Ingredient बिकीबाट समेत कम्पनीको आर्थिक वृद्धि हुन पुगेको अवस्था रहेको छ ।

ग. आगामी दिनहरुमा कम्पनीका व्राण्ड Port-folio व्यवस्थापन एवं उत्पादन गर्नका लागि हाल भएको बोटलिङ्ग हल, उत्पादित वस्तुको भण्डार क्षमता आदिलाई मध्य नजर गरी कारखाना कम्पाउण्डमा नै बोटलिङ्ग हलको निर्माण गर्ने विषयमा यसको डिजाइन, अनुमानित लागतमूल्य तर्जुमा गर्ने कार्यको आरम्भ गरिएको छ ।

घ. उद्योगबाट उत्पादित माल्ट स्प्रिट र ई.एन.ए.लाई खुम्वु क्षेत्रको उच्च हिमाली भेगको तापमानमा म्याचुरेशन गर्नको सम्बन्धित निकायबाट स्विकृत लिई यस कम्पनीको शाखा कार्यालय, सोलुखुम्वु, पाताले धाप स्थित म्याचुरेशन केन्द्रमा गर्ने कार्य थालनी गरिएको छ । शाखाको म्याचुरेशन सेन्टरको क्षमता अनुसार उक्त कार्यलाई निरन्तरता दिईने छ । न्यूनतम पनि ३ वर्ष म्याचुरेशन पश्चात प्राप्त म्याचुर्ड स्प्रिटको बिकी वितरण र प्रयोगबाट कम्पनीको आर्थिक अवस्था सुदृढ हुने अपेक्षा गरिएको छ ।

ङ. सोलुखुम्बु, पाताले धाप स्थित यस कम्पनीको शाखा कार्यालयको जग्गामा स्थानीय संस्कृतीको मौलिकता झल्कने आर्कषक घर (Experience Centre) निर्माण गरी म्याचुरेशन पद्धतीको अवलोकन, अध्ययनका लागि निर्माण गर्ने उद्धेश्य रहेको छ । यसको निर्माण र संचालन पश्चात कम्पनीको व्यापारमा अभिबृद्धि हुने अपेक्षा गरिएको छ ।

च ENA उत्पादन गर्ने कार्यका लागि जडान भएको संरचनाहरु: Boiler र Steam Turbine लाई मर्मत संभार गरि कारखाना संचालन गरि रहेकोमा मर्मत संभार खर्चका अतिरिक्त उक्त मिल मेसिनरीजले दिने Efficiency मा समेत कमी हुन गएको र उत्पादन लागत समेत बढ्न गएकाले यस्ता कारखानाका मिल मेसिनरीजहरु खरिद गरी जडान गर्ने लक्ष्यका साथ कार्य गरिरहेका छौं । मिल मिसेनरीज जडान पश्चात उत्पादन लागतमा समेत कम हुन गई उत्पादनको स्तर र Efficiency मा सकारात्मक प्रभाव देखिने अपेक्षा गरिएको छ ।

छ. कम्पनीको शत प्रतिशत लगानीमा स्थापित सहायक कम्पनीबाट मुख्य कम्पनीको उत्पादन बिकी वितरणका लागि थप सहयोग पुग्ने र सहायक कम्पनीले पनि आफै व्यवसायिक कार्य आरम्भ गरी राजश्व प्राप्त गर्न सकोस् भन्ने हेतुले विभिन्न तरिकाबाट सोच अगाडि बढाई सम्भावयता अध्ययनको कार्य थालनी गरिएको छ ।

ज. कम्पनीको बिकी वितरण आम्दानी र संचालन खर्च समेतलाई मनन गर्दा गत वर्षको यसै अवधिको भन्दा १५ प्रतिशतले बृद्धि भएको छ । गत वर्षको यसै अवधिको बिकी आम्दानी र यस वर्षको बिकी आम्दानीलाई हेर्दा ७ प्रतिशतले बद्न गएको छ ।

झ. कम्पनीमा रहेको संचित रकमलाई उपयुक्त क्षेत्रमा उपयुक्त समय र क्षेत्रहरुमा लगानी गर्न विभिन्न तरिकाबाट अध्ययन, अनुसन्धान र सम्भाबयता सम्बन्धमा सुक्ष्म अध्ययन गरिरहेका छौं ।

### ३. कानूनी कारवाही सम्बन्धी विवरण :

क. यस कम्पनीलाई विपक्षी बनाई श्रम अदालत काठमाण्डौंमा केहि व्यक्तिले नियुक्ती पाऊँ भनी कीर्ते जालसाजी कागज बनाई मुद्धा दायर गरेकोमा सो विषयमा सम्मानित जिल्ला अदालत पर्साबाट आंसीक वादी दावी पुग्ने ठहराई फैसला भएकोमा सो फैसला उपर कम्पनीले उच्च अदालत, जनकपुरको अस्थायी ईजलास बिरगंजमा पुनरावेदन गरेकोमा सम्मानित उच्च अदालत, जनकपुर अस्थायी ईजलासबाट समेत जिल्ला अदालतले गरेको फैसलालाई नै सदर हुने गरी निर्णय आए उपर चित्त नबुझि कम्पनीले सम्मानित सर्बोच्च अदालतमा उत्प्रेषण लगायतको आदेश जारी गरि पाउन रिट मार्फत निवेदन गरेकोमा श्रम अदालतको फैसलालाई कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी भएको छ । Gen-Z आन्दोलनका कारण मुद्धाको फाईल रेकर्ड कायम गरी निर्णय प्रकृयामा लैजान केहि समय लाग्ने देखिन्छ ।

ख. २०६८ श्रावण को मु.अ.कर सम्बन्धमा अन्तिम कर निर्धारण आदेश तथा आ.व. २०७२/०७३ को आय विवरण उपर ठूला करदाता कार्यालयबाट कर परीक्षणको सिलसिलामा उठान गरेको मु.अ.कर सम्बन्धी विषय र आ.व.२०७४/०७५ को आय विवरण उपर आयकर ऐन, २०५८ को दफा १०२ वमोजिम कर निर्धारण गरी संसोधित कर निर्धारण आदेशहरु प्राप्त भएकोमा सो निर्धारण आदेशबाट लगाएको सोही ऐनको दफा ११७ वमोजिमको शुल्क, दफा ११८ वमोजिमको व्याज र दफा १२० वमोजिमको शुल्क उपर चित्त नवुझि आयकर ऐन, २०५८ को दफा ११५ वमोजिम प्रशासकीय पुनरावलोकन गरेकोमा चित्त नबुझि आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकन गरिएकोमा प्रस्तुत विषयहरुमा हाल सम्म पनि निर्णय प्राप्त नभएकोले सो सम्वन्धमा कम्पनीको तर्फबाट समेत सम्बन्धित विभागमा सम्पर्कमा रहिरहेका छौं ।

ग. सर्लाही जिल्ला अर्नाहा वडा नं.२ वस्ने सुभाष शाहले सूचनाको हक सम्वन्धि ऐन, २०६४ वमोजिम माग गरिएको सूचना उपलब्ध नगराई जिम्मेवारीबाट पन्छिन खोजेकोले कानुन वमोजिम कारबाही गरी सूचना उपलब्ध गराई पाऊँ भनी पुनरावेदन दिएकोमा सो पुनरावेदन उपर यस कम्पनीले लिखित जवाफ राष्ट्रिय सूचना आयोगमा पेश गरि सकेकोमा सो उपर हाल सम्म सुनवाईका लागि सूचना आयोगबाट कुनै जानकारी प्राप्त गर्न सकेका छैनौं ।

घ. आ.व.२०६१/०६२ को अवधिको मु.अ.कर, अन्तः शुल्क र आयकर सम्वन्धमा सम्मानित सर्वोच्च अदालतबाट फैसलाको लिखित प्रति प्राप्त भएको छ । अन्तः शुल्क सम्वन्धमा यस कम्पनीको माग बमोजिम नै फैसला प्राप्त भएकोले कम्पनीले दाखिला गरेको अन्तः शुल्क, जरिवाना आदि रकम मिलानका लागि सम्बन्धित कार्यलयमा निवेदन समेत दर्ता गराई सकिएको छ । अन्य मु.अ.कर र आयकरको हकमा केहि विषयमा कम्पनीको माग बमोजिम र केही विषयमा विरुद्धमा फैसला प्राप्त भएकाले माग विरुद्धका विषयमा न्यायिक पुनरावलोकनका लागी निवेदन दर्ता गरिएकोमा सो निवेदन उपर कारवाहि हुदां निवेदन उपर दरपिट भई अन्तिम भई सम्मानित सर्वोच्च अदालतको फैसला वमोजिमको दायित्व यकिन गरी फरछ्यौंट गर्ने कार्यका लागि मुद्धाको सम्बन्धित सक्कल फाईल सम्बन्धित कर कार्यालयमा उपलब्ध गराउनका लागि पहल गरिएको भएता पनि Gen-Z आन्दोलनका कममा अदालतमा समेत आगजानी भई फाईल जलेको हुनाले फरछ्यौंटको कार्यमा ढिलाई हुन गएको छ ।

ङ. यस त्रैमासिक अवधिमा यस कम्पनीका गोल्डेन ओक, व्लाक ओक लगायत अन्य यस कम्पनीका नाममा दर्ता भएका ट्रेडमार्कहरुको नक्कल गरि वजारमा उत्पादन ल्याउने कलुसित मनसाय राखी विभिन्न नामका ट्रेडमार्कहरु दर्ताका लागि आवेदन केहि मदिरा उत्पादक कम्पनीले गरेको पाईएकाले सो आवेदन दर्ता खारेजको कार्यका लागि यस कम्पनीले दावी विरोधको निवेदन उद्योग विभाग समक्ष दर्ता गराएका छौं ।

च. उपरोक्त विषय बाहेक यस त्रैमासिक अवधि सम्ममा कम्पनी, यसका संचालक, संचालक समिति विरुद्ध कोहि कसैले कुनै किसिमको मुद्धा दायरा गरेको जानकारी कम्पनीमा प्राप्त हुन आएको छैन ।

### ४. यस संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :

क. खुला बजारको नीति, मूल्य र मान्यता अनुरुप कम्पनीको शेयर कारोबार हुने गरेको छ ।

ख. यस तेस्रो त्रैमासिक अवधिमा कम्पनीको शेयर कारोवार तपशिल अनुसार भएको देखिन्छ ।

(श्रोतः www.nepalstock.com.np)

| | |
|---|---|
| अधिकतम् मूल्य | रु. १२९२ |
| न्यूनतम् मूल्य | रु. ११२८ |
| अन्तिम मूल्य | रु. ११६७.९० |
| कारोबार दिन | ५३ |

### ५. समस्या तथा चुनौती :

यस अवधिमा कम्पनीले भोगेका समस्या तथा चुनौतीहरु तपशिल बमोजिम रहेका छन् ।

क. प्रथम त्रैमासिक अवधिमा भएको राजनीतिक उतार चढावका कारण व्यवसायीहरुमा पर्न गएको प्रभाव सकारात्मक हुन सकिरहेको पाईएको छैन । यसै सन्दर्भमा मदिरा व्यवसायीहरुमा समेत यसको समस्या देखिएको छ । उच्च मनोवलका व्यवसाय वृद्धिमा लगानी गर्ने व्यवसायीहरुको कमी देखिएको छ । व्यवसायीहरुले नै आफ्नो व्यवसाय विस्तार गरी मुनाफा आर्जन गर्नका लागि लगानी नवढाएको स्थिति र वजारमा रहेको उधारो रकम उठाउनका लाथि थप चुनौति रहेको छ ।

ख. देशमा देखा परेका राजनैतिक उत्तार चढाव, चुनाव पश्चातको वातावरण, नयाँ सरकारको नीति, सरकारले ल्याउने आगामी वर्षको वजेटमा हुने करका दर आदिले उत्पादित वस्तुको मूल्यमा के कस्तो प्रभाव पर्ने हो भन्ने आंकलन गर्न सकिएको छैन । अमेरिका ईरानको युद्धले निमत्याएका ईन्धन समस्या, उच्च मूल्य वृद्धी, विदेशी मुद्राको सटहीदरमा देखिएको वृद्धि आदिका कारण यस कम्पनीको कच्चा पदार्थको मुल्य बढ्न गएको छ भने उत्पादनमा प्रयोग हुने वोतल लगायतका वस्तुहरु समयमा प्राप्त गर्न समेत थप चुनौती भएको छ । यस्ता वस्तुको अभावमा कम्पनीको उत्पादन कार्य समेत बन्द गर्नु पर्ने अवस्थाबाट कसरी अगाडि बढ्ने भन्ने कम्पनीको समक्ष चुनौति रहेको छ ।

ग. मदिरा उद्योगले आफुले उत्पादन गरि रहेका र उत्पादन गरी उपभोक्ता माझ वजारमा ल्यउने नयाँ व्राण्डको मदिराको उत्पादनको गुणस्तर, मूल्य, उत्पादन प्रकृया आदिका वारेमा उपभोक्तालाई कुनै पनि माध्यमद्धारा जानकारी दिन नपाउने भएकाले आम उपभोगता समक्ष कम्पनीका उत्पादनहरुको विषयहरु पुग्न पाउने अवस्था छैन । यसको प्रत्यक्ष प्रभाव मदिरा बिकी वितरणमा पर्ने चुनौति व्यवसायी माझ प्रत्यक्ष परेको छ ।

घ. केहि उद्योगहरुले यस कम्पनीको जस्तै लेवल, प्लाष्टिकको बोतल प्रयोग गरी कम शक्ति र कम गुणस्तरमा मदिरा उत्पादन गर्ने, यस कम्पनीको वोतल प्रयोग गर्ने कार्य गरेबाट कम्पनीको बिक्रीमा प्रभाव पर्न गएको छ । यस्ता कियाकलाप विरुद्धमा सम्बन्धित निकायमा उजुरी दिने गरिएको भएता पनि त्यसको कार्यन्वयन हुन समय लाग्ने हुँदा थप चुनौती कम्पनीले सामना गरि रहेको छ ।

ङ. तत्काल केहि समस्याहरु देखा नपरे पनि घरेलु मदिरालाई व्राण्डिङ्ग गर्ने नाममा स्थानीय घरेलु मदिराहरु बजारमा बिकी वितरणमा आउँदा ठुलो लगानी गरी व्यवस्थीत एवं मर्यादित व्यवसाय गर्ने उद्योगहरुको लगानी धरासायी हुने र नेपाल सरकारको राजश्व समेत जोखिममा पर्न जाने समस्या देखा परेको छ ।

च. आफनो कारोवार संचालन गर्दा हुने वास्तविक आय आर्जन वढाउने कार्यमा भएको खर्चलाई कर कट्टी गर्न पाउने व्यवस्था आयकर ऐन र औद्योगिक व्यवसाय ऐनमा व्यवस्था रहे पनि मदिरा व्यवसाय गर्ने उद्योगहरुलाई यस्तो सुविधा नदिने हेतुले कर परीक्षण गर्ने कार्य हुने भएर उद्योगहरु दोहोरो करको भार पर्ने र उद्योग नै धरासायी हुने संम्भवाना छ ।

### ६. संस्थागत सुशासन :

कम्पनीको कारोवारलाई पारदर्शी रुपमा संचालन गर्न र कम्पनीका शेयरधनीहरुलाई यर्थाथ र वास्तविक विवरणको सूचना दिनका लागि कम्पनीले स्वतन्त्र रुपमा लेखा परीक्षक नियुक्त गरी कारोवारको लेखा परीक्षण गर्ने कार्यमा निरन्तरता कायम राखिएको छ । यसै गरी कम्पनीले आफनै संगाठानिक ढाँचामा Audit & Compliance Head को व्यवस्था गरी सो शाखामा कर्मचारीहरु नियुक्ती गरी दैनिक रुपमा हुने आर्थिक, प्रशासनीक, वित्त व्यवस्थापन, शेल्स एण्ड मार्केटिङ्ग लगायतमा क्षेत्रको सुक्ष्म रुपमा कारोवारको अध्ययन गरी तयार गरिएको प्रतिवेदन उपर कम्पनीका उच्च व्यवस्थपनमा छलफल गर्ने र सुधार गर्नु पर्ने कार्यमा अविलम्ब प्रकृया अगाडि बढाउने गरिएको छ । यस्ता कार्यले कम्पनीको आर्थिक कारोवार देखि समग्र वस्तु स्थितिलाई चुस्त दुरुस्त र पारदर्शी राख्नका लागि सहयोग पुऱ्याउने छ । कारखानामा उत्पादन हुने बस्तुहरु अन्तः शुल्क ऐन, नियमावली, निर्देशिका, मदिरा ऐन, नियम बमोजिम आम्दानी तथा खर्च लेखि दैनिक रुपमा खटिएका अन्तः शुल्क निरिक्षकको प्रत्यक्ष निगरानीमा कार्य गर्दै आएको, आन्तरिक रुपमा उद्योगको उत्पादन, बिक्री विरतणको परिमाण, मौज्दात सामानहरु लगायत समय समयमा उच्च व्यवस्थापनका कर्मचारीहरुबाट अवलोकन गरिने, डिष्ट्रिव्यूटर्सको कारोवार स्थलमा नै पुगी मदिरा बिकी वितरणमा भएको करारनामा अनुसार परीक्षण गरिदै आएको, कच्चा पदार्थहरुको नीरिक्षण एवं विश्लेषण गर्ने गरिएको, कम्पनीको आर्थिक कारोबारलाई व्यवस्थित, मर्यादित र पारदर्शि बनाउने कार्यमा अनलाईन बिलिङ्ग पद्धती, खरिद गरिने वस्तुहरुको मुल्य, गुणस्तर आदिको अध्ययन, अनुशन्धान, परीक्षण गरेर मात्र खरिद गर्ने, उद्योग रहेको क्षेत्र, स्थानीय निकायहरु सँगको सम्बन्ध सुमधुर कायम राख्न र वातावरण मैत्री कार्य र संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धि कार्यलाई निरन्तरता दिएको, उत्पादकत्वमा वृद्धि र गुणस्तर कायम गर्नका लागि आधुनिक प्रविधियुक्त मेसिन जडान गर्ने र उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको गुणस्तर, मूल्य आदिलाई सुक्ष्म रुपले अध्ययन गर्ने गरिएको साथै सके सम्म गुणस्तर र उत्पादन लागत कम गर्नका लागि गुणस्तरीय वस्तुको कम मुल्यमा खरिद गर्ने कार्य गर्दै आएको जानकारी गराउँदछौं । उद्योगले संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धमा निर्वाह गर्नु पर्ने कर्तव्यलाई ध्यानमा राखी आवश्यक एवं गर्नु पर्ने कामको पहिचान गरी स्थानीय निकायको समन्वयमा विभिन्न शिर्षक अन्तर्गत छुट्याईएको रकमबाट ऐन, नियमले निर्देशन गरेका शिर्षकमा अधिकतम् कार्य गरी समाज प्रतिको जिम्मेवारी वहन गर्ने कार्यलाई निरन्तरता दिइरहेका छौं । साथै धितोपत्र ऐन, नियम, निर्देशिका, सूचिकृत कम्पनीको संस्थागत सुसाशन सम्बन्धि निर्देशिकाको व्यवस्था वमोजिम कम्पनीले पालना गर्नु पर्ने व्यवस्थालाई पालना गर्ने र प्राप्त निर्देशनलाई कार्यन्वयन गर्दै जाने विषयमा कम्पनी दृढ रहेको जानकारी गराउदछौं । माथि उल्लेखित कम्पनीका कार्यले कम्पनीको ख्याति, उपभोगतामा पहिचान गराउने जस्ता विषयमा सम्बन्धित शेयरधनी, नियमनकारी निकायहरुमा विश्वासको वातावरण पैदा गर्न सक्ने कूरामा कम्पनी विश्वस्त रहनेछ ।

### ७. सत्य तथ्य सम्बन्धमा प्रमूख कार्यकारी अधिकृतको उद्घोषण:

यस प्रतिवेदन अवधिको उल्लेखित विवरणहरुका विषयमा सत्यता रहेको म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन चाहन्छु । यस प्रतिवेदनका विवरणहरुमा कुनै पनि सत्य, तथ्य लुकाईएको छैन । कम्पनीले आफ्ना लगानीकर्ताहरुलाई सू–सूचित गराउनका लागि प्रस्तुत अवधिको सम्पूर्ण आर्थिक विवरण लगायत अन्य जानकारीहरु पारदर्शी हुने गरी प्रकाशन गरिएको जानकारी गराउँदछु । साथै यस कम्पनीले चालेका कदममा प्रत्यक्ष रुपमा यस व्यवसायसंग सम्बन्धित पक्षहरु, लगानीकर्ताहरु तथा यस कम्पनीका शुभ चिन्तकहरुबाट समेत प्रत्यक्ष, अप्रत्यक्ष रुपमा व्यवसाय वृद्धि र कारोवार पारदर्शी बनाउने विषयमा उपयुक्त सहयोग र सल्लाहा अपेक्षा गरेको छु ।

### Unaudited Statement of Financial Position as on 30th Chaitra 2082

| Particulars | This Quarter End | Previous Quarter End (Published) | Corresponding Previous Year Quarter End (Published) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **NON-CURRENT ASSETS** | | | |
| a) Property, Plant and Equipment | 1,048,149,665 | 1,021,872,750 | 752,279,316 |
| b) Capital work-in-progress | 45,762,190 | 40,183,815 | 183,850,064 |
| c) Intangible Assets | 1,056,671 | 926,967 | 1,249,475 |
| d) Right to Use Assets | 51,880,835 | 51,038,128 | 24,006,931 |
| e) Investments | 111,200,000 | 111,200,000 | 111,100,000 |
| f) Other Non-Current Assets | 51,010,074 | 50,885,876 | 40,553,093 |
| **Total Non-Current Assets** | **1,309,059,434** | **1,276,107,536** | **1,113,038,879** |
| **CURRENT ASSETS** | | | |
| a) Inventories | 709,514,083 | 567,022,329 | 577,037,886 |
| b) Financial Assets | | | |
| Trade Receivables | 1,357,130,364 | 1,138,437,760 | 35,413,358 |
| Cash and Cash Equivalents | 859,358,508 | 538,859,900 | 1,841,506,606 |
| Other Bank Balances | 1,450,000,000 | 1,450,000,000 | 1,100,000,000 |
| Other Financial Assets | 16,792,673 | 66,666,731 | 9,421,027 |
| c) Other Current Assets | 128,895,499 | 131,173,108 | 89,806,586 |
| **Total Current Assets** | **4,521,691,127** | **3,892,159,828** | **3,653,185,463** |
| **TOTAL ASSETS** | **5,830,750,560** | **5,168,267,364** | **4,766,224,342** |
| **EQUITY AND LIABILITIES** | | | |
| **EQUITY** | | | |
| a) Equity | | | |
| Share Capital | 3,688,082,175 | 3,688,082,175 | 3,073,401,813 |
| b) Other Equity | | | |
| Reserves and Surplus | 1,172,791,126 | 769,852,973 | 887,631,127 |
| **Total Equity** | **4,860,873,301** | **4,457,935,148** | **3,961,032,940** |
| **NON-CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | - | - | - |
| Lease Payables | 42,038,763 | 40,411,838 | 23,733,813 |
| b) Deferred Tax Liabilities | 38,888,853 | 36,856,431 | 30,015,328 |
| **Total Non-Current Liabilities** | **80,927,616** | **77,268,269** | **53,749,141** |
| **CURRENT LIABILITIES** | | | |
| a) Financial Liabilities | | | |
| Borrowings | - | - | - |
| Trade Payables | 362,768,654 | 203,312,877 | 302,880,522 |
| Other Financial Liabilities | 262,440,180 | 181,263,696 | 186,662,317 |
| Lease Payables | 8,791,415 | 8,791,415 | 2,043,827 |
| b) Other Current Liabilities | 254,949,394 | 239,695,959 | 225,586,670 |
| c) Current Tax Liabilities (Net) | - | - | 34,268,925 |
| **Total Current Liabilities** | **888,949,643** | **633,063,947** | **751,442,261** |
| **TOTAL EQUITY AND LIABILITIES** | **5,830,750,560** | **5,168,267,364** | **4,766,224,342** |

### Unaudited Statement of Profit or Loss and Other Comprehensive Income for the Quarter Ended on 30th Chaitra 2082

| Particulars | Up to This Quarter | Up to Previous Quarter (Published) | Corresponding Previous Year Quarter (Published) |
|---|---|---|---|
| Gross Revenue from Operations | 5,719,178,597 | 3,233,088,224 | 5,358,392,726 |
| Less: Excise Duties | 2,627,758,530 | 1,477,796,729 | 2,573,301,585 |
| Net Sales Revenue | 3,091,420,067 | 1,755,291,495 | 2,785,091,141 |
| Less: Cost of Goods Sold | 901,428,874 | 559,482,437 | 997,004,576 |
| Less: Manufacturing Expenses | 45,834,770 | 26,402,223 | 157,492,547 |
| **Gross Profit** | **2,144,156,423** | **1,169,406,835** | **1,630,594,018** |
| Employee Benefit Expenses | 323,082,410 | 197,529,897 | 228,219,235 |
| Administration and Other Expenses | 133,682,083 | 78,571,820 | 74,867,798 |
| Selling and Distribution Expenses | 518,236,058 | 280,770,163 | 340,750,971 |
| **Operating Profit** | **1,169,155,872** | **612,534,955** | **986,756,014** |
| Non Operating Income | 44,833,640 | 32,541,832 | 54,090,827 |
| Depreciation and Amortisation | 68,232,659 | 42,812,846 | 46,581,587 |
| Finance Costs | 1,939,212 | 627,613 | 1,284,323 |
| **Profit Before Tax** | **1,143,817,641** | **601,636,328** | **992,980,931** |
| Income Tax Expenses | 292,512,115 | 153,268,954 | 253,739,372 |
| **Profit for the Year** | **851,305,526** | **448,367,374** | **739,241,559** |
| **Other Comprehensive Income** | | | |
| **Items that will not be reclassified to profit or loss:** | | | |
| (i) Remeasurements of Defined Benefit Obligations | - | - | - |
| (ii) Income tax credit/(charge) relating to these items | - | - | - |
| **Other Comprehensive Income** | - | - | - |
| **Total Comprehensive Income for the Year** | **851,305,526** | **448,367,374** | **739,241,559** |
| **Earning Per Equity Share (face value of Rs. 100 each)** | | | |
| Basic EPS* | 30.78 | 24.31 | 26.73 |
| Diluted EPS* | 30.78 | 24.31 | 26.73 |

### Other Financial Ratios

| | | | |
|---|---|---|---|
| PE Ratio | 37.95 | 46.84 | 44.73 |
| Net Worth Per Share | 131.80 | 120.87 | 128.89 |
| Liquidity Ratio | 5.09 | 6.15 | 4.87 |

**Notes:**

- Account heads have been re-grouped/re-classified wherever necessary so as to comply with the Nepal Financial Reporting Standards (NFRS)
- EPS has been annualized wherever necessary
- Corresponding Previous Year's Basic & Diluted EPS has been restated to reflect the effect of issuance of Bonus Shares

**हिमालयन डिष्टिलरी लिमिटेड**, बिरगंज महानगरपालिका वडा नं. – २१, लिपनि बिर्ता, पर्सा, नेपाल